धवलागिरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुना, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

# कार्यपालिकाको बैठको निर्णय सार्वजनिक गरिएको सूचना

(मितिः२०८२/१२/०८)

यस धवलागिरी गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८२/१२/०८ मा बसैको बैठकले गरेका निर्णय यसै सूचना साथ सार्वजनिक गरिएको वेहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

प्रमुख प्रशासकीय अधिकृत

**<u>प्रस्तावहरुः</u>**

१. आगामी आ.व. को प्रदेश समपूरक अनुदानको लागि योजना प्राथमिकीकरण सम्बन्धमा,
२. आगामी आ.व. को प्रदेश विशेष अनुदानको लागि योजना प्राथमिकीकरण सम्बन्धमा,
३. गाउँपालिका अनुदानका शिक्षक सम्बन्धमा,
४. हालसम्म सम्पन्न योजनाहरु फरफारक सम्बन्धमा,
५. जलजला महोत्सव संचालन सम्बन्धमा।
६. लागत अनुमान स्विकृत सम्बन्धमा
७. विविध ।

निर्णयहरू

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा आगामी आ.व. २०८३/८४ को लागि प्रदेश समपूरक अनुदानको लागि देहायबमोजिमका आयोजना तथा कार्यक्रम प्राथमिकीकरण गरि पठाउने निर्णय गरियो।

**क. लुलाङ —गुर्जा सडक निर्माण तथा स्तरोन्नती**

**ख. ताकम- हिलापोखरी- मुना सडक निर्माण तथा स्तरोन्नती**

**ग. मराङवेशी — राम्चे-बुल- मलम्पार सडक निर्माण तथा स्तरोन्नती**

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा आगामी आ.व. २०८३/८४ को लागि गण्डकी प्रदेश विशेष अनुदानको लागि देहायबमोजिमका आयोजना तथा कार्यक्रम प्राथमिकीकरण गरि पठाउने निर्णय गरियो।

**क. ताकम माध्यमिक विद्यालय छात्रावास भवन निर्माण**

**ख. दरगाउँ ढल निकास योजना**

**ग. मुदि तथा खिवाङ ढल निकास योजना**

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा गाउँपालिका मातहत रहेका सबै विद्यालयहरुमा पर्याप्त मात्रमा स्विकृत दरबन्दीका शिक्षकहरुको व्यवस्था नभएको हुँदा विगत वर्ष देखि नै १२ वटा विद्यालयहरुमा गाउँपालिका अनुदानबाट १/१ जना शिक्षकहरुको व्यवस्थापन गरि पारीश्रमिक भुक्तानी गरिदै आएको हुदाँ आगामी शैक्षिक वर्षको लागि समेत उक्त गाउँपालिका अनुदानका शिक्षकहरुलाई निरन्तरता दिने निर्णय गरियो।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा चालु आ.व. २०८२/८३ मा निर्माण सम्झौता भई निर्माणसम्पन्न भएका देहाय बमोजिमका योजनाहरु फरफारक गरि भुक्तानी रकम अनुमोदन गर्ने निर्णय गरियो।

क. घाँसमरखोला काठेपुल तथा बाटो निर्माण योजना
ख. जनकल्याण मावि घेरावार तथा संरक्षण योजना
ग. गुर्जा स्वास्थ्य चौकी घेराबार तथा संरक्षण योजना
घ. फलियागाउँ माथिल्लो दलित बस्तीमा मोटरबाटो निर्माण
ङ. ताकम चिप्लेटी गोरेटोबाटो निर्माण योजना
च. चुनढुङ्गा उपल्लो हाडेभिर मोटरबाटो निर्माण योजना
छ. आटेभिर गोरेटोबाटो निर्माण योजना

५. प्रस्ताव नं. ५ अन्तर्गत छलफल गर्दा चालु आ.व. २०८२/८३ को स्विकृत कार्यक्रम अन्तर्गत जलजला महोत्सव आयोजना गर्नका लागि मिति २०८२/११/१३ को गाउँ कार्यापालिकाको बैठकबाट गठन भएको महोत्सव व्यवस्थापन समितिले पेश गरेको प्रस्तावना स्विकृत गरि प्रस्तावना बमोजिमका खरिदसँग सम्बन्धि लगायतका अन्य तयारी तथा व्यवस्थापन सम्बन्धि कार्यहरु अगाडी बढाउनका लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्ण गरियो।

६. प्रस्तवा नं. ६ अन्तर्गत छलफल गर्दा प्रदेश सरकारबाट लुलाङ-गुर्जा सडक निर्माणका लागि प्राप्त भएको बजेटबाट लुलाङ- गुर्जा सडकको विभिन्न स्थानमा सोलिङ तथा ढलान कार्य गर्ने गरि तयार भएको रु ५००००००।– को लागत अनुमान स्विकृत गरि बोलपत्र आह्वानको सूचना प्रकाशित गर्ने निर्णय गरियो। त्यसै गरी खिवाङ खाम्ला मोटरबाटो निर्माणको रु १५०००००।– को लागत अनुमान स्विकृत गरि सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नका लागि सूचना प्रकाशित गर्ने निर्णय गरियो।

७. विविध अन्तर्गत देहायबमोजिम हुने गरि निर्णय गरियो।
   क. गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत एम्बुलेन्स चालकको सेवा करार सम्झौता २०८२ फागुन २६ देखि लागु हुने अन्त्य गरि प्रतिस्पर्धाका आधारमा एम्बुलेन्स चालक सेवा करारमा नियुक्त गर्नका लागि तत्काल सूचना प्रकाशन गर्नका लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।
   ख. जिल्ला प्रशासन कार्यालयमा भएको कार्यालय प्रमुखको बैठकको निर्णय तथा प्रमुख जिल्ला अधिकारीको अनुरोध बमोजिम हिमपातको कारण लुलाङ- गुर्जा सडक अवरुद्ध भएको अवस्थामा निर्वाचन अगाडि नै सहज आवतजावतका लागि गाउँ कार्यपालिकाको मिति २०८२/११/१३ को निर्णय बमोजिम उक्त सडक मर्मत सम्भार भई पेश भएको खर्च रकम मोटरबाटो सरसफाई शिर्षकबाट भुक्तानी दिन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

ग. मच्छिम-सिवाङ-हिलापोखरी खानेपानी योजनाको कतिपय चट्टान भएको स्थानहरुमा प्लाष्टिक पाइप खुला रुपमा रहेको कारण डढेलोको कारण पटकपटक पाइपमा क्षति पुग्दा खानेपानि सेवा अवरुद्ध हुने गरेको हुँदा उक्त स्थानहरुमा जि आइ पाइप जडान गर्ने तथा उक्त कार्यको लागि लाग्ने खर्च निर्मित सार्वजनिक सम्पत्तिको मर्मतसम्भार शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

घ. वडा नं ६ स्थित ठुलो गाउँमा खानेपानी आपूर्तिलाई सहज बनाउनका लागि ३२ मि.मि. को १०० मि. तथा माखला गाउँमा खानेपानी आपूर्तिलाई सहज बनाउनका लागि २० मि.मि. को ३०० मिटर खानेपानी प्लाष्टिक पाइप खरिद गरि तत्काल उपलब्ध गराउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

ङ. मुना खानेपानी पाइप व्यवस्थापन तथा वागेश्वरी आ.वि. को पहिरो व्यवस्थापनका लागि तत्काल प्राविधिक पठाइन स्थलगत नापजाँच गरि आगामि कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो।

च. वडा नं १ गुर्जामा फ्रि वाइफाइ जडानको लागि नेपाल टेलिकमसँग सम्झौता गरि आवश्यक पेश्कि तथा धरौटी रकम भुक्तानी गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

छ. १ मेगावाट भन्दा कम क्षमताको विद्युत आयोजना सर्वेक्षण तथा निर्माणको लागि अनुमति दिने प्रक्रियालाई व्यवस्थित गर्न तथा यूवा लक्षित सहुलिय पूर्ण कर्जा प्रवाहलाई व्यवस्थित गर्नका लागि आवश्यक कार्यविधिको मस्यौदा तर्जूमा गर्नका लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।